# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-६  संख्या :-७  मिति :-२०८०/११/२६

## भाग- २

# बिधालय समायोजन तथा दरबन्दी मिलन कार्यविधि २०७७ (पहिलो संसोधन सहित )

# विद्यालय समायोजन, तह घटाउने र दरबन्दी मिलान कार्यविधि - २०७७

**प्रथम संशोधन २०८०।११।२६**

**(कार्यपालिकाबाट स्वीकृत मिति ः २०८०।११।२६)**

**प्रस्तावनाः**

बोगटान फुड्सिल गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयमा रहेका शिक्षक विद्यार्थी संख्याको गणितय अनुपात बमोजिम विद्यालयमा शिक्षकको ब्यवस्था गर्न वाञ्छनीय भएकाले बोगटान फुड्सिल गाउँपालिका गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ( १०२ ) ले दिएको कानून बनाउने अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि बनाइएको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक संक्षिप्त नाम र परिभाषा**

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भक)** यस कार्यविधिको नाम विद्यालय समायोजन, तह घटाउने र दरबन्दी मिलान कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि बोगटान फुडसिल गाउँपालिका भर लागु हुनेछ ।

ग) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) गाउँपालिका भन्नाले बोगटान फुड्सिल गाउँपालिका बुझ्नु पर्नेछ ।

ख) अध्यक्ष भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको अध्यक्षलाई बुझ्नु पर्नेछ ।

ग) उपाध्यक्ष भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नु पर्नेछ ।

घ) कार्यपालिका भन्नाले बोगटान फुड्सिल गाउँकार्यपालिकालाई सम्झिनु पर्छ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) गाउँ शिक्षा समिति भन्नाले बोगटान गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

छ) दरबन्दी मिलान भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र शिक्षक अनुदान कोटा ( राहत ) मा रहेका शिक्षक, अपाङ्ग शिक्षक, र यस्तै अन्य स्केल अनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकहरुको दरबन्दी मिलान , तह घटाउने तथा विद्यालय समायोजन कार्यविधि बमोजिम दरबन्दीको वितरण तथा ब्यवस्थापनलाई सम्झनुपर्छ ।

ज) तह भन्नाले विद्यालयको तह बुझ्नु पर्नेछ ।

झ) सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ञ) **शिक्षा शाखा प्रमुख** भन्नाले बोगटान फुड्सिल गाउँपालिका भित्र स्थानीय तहको शिक्षा संचालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा, युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नुपर्नेछ ।

ट) **शिक्षक** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

ठ) **विद्यालय व्यवस्थापन समिति** भन्नाले बोगटान फुडसिल गाउँपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

ड) **नियमावली** भन्नाले शिक्षा नियमावली, २०५९ ( संशोधन समेत ) बुझ्नु पर्नेछ ।

ढ) **पुल दरबन्दी** भन्नाले विद्यार्थी संख्याका आधारमा आवश्यक भन्दा बढी भएको दरबन्दी सम्झनु पर्छ ।

ण) **तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

त) **कार्यदल** भन्नाले शिक्षक दरबन्दी मिलान, तह घटाउने तथा विद्यालय समायोजन कार्यविधि २०७७( प्रथम संशोधन २०८० ) बमोजिम गठित शिक्षक दरबन्दी मिलान तह घटाउने तथा विद्यालय समायोजन कार्यदल भन्ने सम्झनु पर्छ ।

## परिच्छेद -२
## विवरण अद्यावधिक

३. विवरण अद्यावधिक गर्ने र औषत विद्यार्थी संख्या कायम गर्ने : विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नु पर्ने । विवरण अद्यावधिक गर्दा पछिल्लो शैक्षिक सत्रको कक्षागत तथा तहगत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक छनोट प्रक्रिया पुरा गरी आएका हाल कार्यरत स्थायी, अस्थायी र राहत शिक्षकहरुको विवरण अद्यावधिक गर्नु पर्नेछ । विद्यार्थीको औषत संख्या कायम गर्न चालु शैक्षिक सत्र सहित सो सत्र अगाडिका दुई शैक्षिक सत्रको विद्यार्थी संख्यालई आधार मानी कायम गर्नुपर्नेछ । अवधि तोकी काजमा रहेका शिक्षकहरुको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्नु पर्नेछ । अवधि नतोकीएकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नु पर्नेछ ।

परिच्छेद -३

**विद्यालयगत रुपमा आवश्यक दरबन्दी व्यवस्थापन गर्दा लिइने आधारहरु**

४. **प्राथमिक तहः** (१) विद्यार्थी संख्या र भौगोलिक विकटतालाई आधार मानि कम्तिमा ३५ जना सम्म विद्यार्थी भएको प्रा वि. तह (१-५ ) संचालित सामुदायिक विद्यालयमा कम्तीमा ३ जना को दरबन्दी कायम गर्ने तर (१-३ ) संचालित सामुदायिक विद्यालयमा २ जनाको दरबन्दी कायम गर्ने र २ जनाको दरबन्दी कायम गर्दा कम्तिमा २५ जना भन्दा बढी विद्यार्थी संख्या हुनुपर्ने । आधारभूत तह कक्षा ( १-३) र (१-५) संचालनको लागि न्यूनतम विद्यार्थी संख्या क्रमशः २५ र ३५ जना हुनुपर्ने छ ।

(२) ५० देखि ८५ जना सम्म विद्यार्थी संख्याभएको सामुदायिक विद्यालयमा कम्तिमा ३ जना को दरबन्दी कायम गर्ने ।

(३) ८६ देखि १५० जना सम्म विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा ४ जना को दरबन्दी कायम गर्ने ।

(४) १५१ वा सो भन्दा बढी विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा ५ जनाको दरबन्दी कायम गर्ने तर (१-३) संचालित सामुदायिक विद्यालयमा ८५ वा सो भन्दा बढी विद्यार्थी भएता पनि ३ जना भन्दा बढी शिक्षक हुने गरी दरबन्दी वितरण नगर्ने ।

(५) खण्ड (१) मा उल्लेखित न्यूनतम विद्यार्थी संख्या नभएका विद्यालयहरुलाई सार्वजनिक विद्यालय समायोजन तथा तह घटाउन कार्यक्रम कार्यविधि २०७७ पहिलो संशोधन बमोजिम गरिनेछ ।

(६) दरबन्दी मिलान, तह घटाउने तथा समायोजन गर्दा प्रा.वि. तहमा रहेका पुल दरबन्दीलाई माथिल्लो तहमा शिक्षक अपुग भएमा सो पुल दरबन्दी माथिल्लो तहमा गणना गरिने छ ।

(७) खण्ड (१), (२), (३), (४), (५) मा जुन सुकै कुरा लेखिएता पनि गाउँपालिका भित्रबाट काटिएकै दरबन्दीहरु बाट मिलान र थप गरिने भएकाले थप हुने विद्यालयमा विद्यालयको अवस्था हेरी बढी आवश्यक भएको विद्यालयलाई दरबन्दी प्रदान गरिने छ ।

**५ आधारभूत तहः (६-८)**

(१) कम्तिमा ३५ जना सम्म विद्यार्थी भएको आ. वि. तह (६-८) संचालित सामुदायिक विद्यालयमा कम्तिमा एक जनाको दरबन्दी कायम गर्ने आधारभूत तह कक्षा (६-८) संचालनको लागि न्यूनतम विद्यार्थी संख्या ३० जना हुनु पर्नेछ ।

(२) ५० देखि ७० जना सम्म विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा २ जनाका`दरबन्दी कायम गर्ने ।

(३) ८० देखि १४० जना सम्म विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा ३ जनाको दरबन्दी कायम गर्ने ।

(४) १४५ देखि १९५ जना सम्म विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा ४ जनाको दरबन्दी कायम गर्ने । तर (६-८) संचालित सामुदायिक विद्यालयमा २०० जना वा सो भन्दा बढी विद्यार्थी भएता पनि ५ जना भन्दा बढी शिक्षक हुने  गरी थप दरबन्दी वितरण नगर्ने ।

(५) दरबन्दी मिलान, तह घटाउने तथा समायोजन गर्दा आधारभूत (६-८) तहमा रहेका पुल दरबन्दीलाई माथिल्लो तहमा शिक्षक अपुग भएमा सो पुल दरबन्दी माथिल्लो तहमा गणना गरिनेछ ।

(६.) **माध्यमिक तहः (९ -१०)** (१) माध्यमिक तहमा अत्याधिक विद्यार्थी भई सेक्सन भएको अवस्थामा बाहेक नियमानुसार दरबन्दी संख्या बढी भएको विद्यालयका दरबन्दी बढी आवश्यक देखिएको विद्यालयमा समायोजन गरिने छ ।

(६क) भाग ५ र ६ मा जुनसुकै कुरा लेखियता पनि आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) संचालित सामुदायिक विद्यालयमा कम्तीमा ३ वा सो भन्दा बढी शिक्षक दरबन्दी/राहत तथा अनुदान कोटा सिर्नजा गरी वितरण गरिने छ ।

## परिच्छेद ४

## विद्यालय समायोजन, तह घटाउने र शिक्षक दरबन्दी मिलान लिइने आधारहरु

७. दरबन्दी मिलान वा समायोजन र दुई वा सो भन्दा वदी विद्यालय गाभी एउटै विद्यालय कायम गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा गरिनेछ ।

क) प्रा.वि. तहको खुद पुलमा रहेको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भए सम्म रिक्त रहेको राहत अनुदानलाई मिलान तथा समायोजन गर्ने ।

ख) प्रा.वि. तहको खुद पुलमा रहेको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भए सम्म रिक्त रहेको दरबन्दीलाई मिलान तथा समायोजन गर्ने ।

ग) दरबन्दी मिलान तथा समायोजन गर्दा स्वेच्छिक रुपमा जान चाहने शिक्षकका लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानविन  गरी निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा उपयुक्तता समेत हेरी शिक्षकको शैक्षिक योग्यता र विद्यालयको विषयगत दरबन्दीको आवश्यकताका आधारमा समायोजन तथा मिलान गर्ने ।

घ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा मिलान तथा समायोजन गर्ने ।

ङ) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा दरवन्दी मिलान तथा समायोजन गर्ने ।

चं) स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा मिलान तथा समायोजन गर्ने । तर स्थायी शिक्षकको हकमा नियुक्ति मिति सामान भएमा निजको अस्थायी नियुक्तिबाट र सो बाट पनि ज्येष्ठता पहिचान नभएमा शिक्षक सेवा आयोगको नतिजाको योग्यता क्रमका आधारमा मिलान तथा समायोयजन गर्ने ।

छ) महिला र अपाङ्ग शिक्षकको हकमा सम्बन्धित रोजाइका आधारमा मिलान तथा समायोजन को ब्यवस्था गर्ने ।

ज) ३० भन्दा कम विद्यार्थी संख्या भएको विद्यालयलाई नजिकैको विद्यालयमा गाभिने वा तह घटाइने छ ।

झ) दुइटै विद्यालयका विद्यालय ब्यवस्थापन समितिले एउटै विद्यालको रुपमा संचालन गर्ने संयुक्त निवेदन दिएमा त्यस्ता विद्यालयको कार्यदलले अनुगमन गरि विद्यालय गाभ्न सकिने छ ।

ञ) गाउँ शिक्षा समितिको निर्णय तथा सिफारिसमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी करार र राहत अनुदान कोटामा कार्यरत शिक्षकहरुलाई गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा सरुवा तथा पदस्थापना गर्न सकिने छ ।

ट)खण्ड (छ) बमोजिम महिला र अपाङ्ग शिक्षकको हकमा मिलान तथा समायोजन गर्दा रोजाइका क्षेत्र एउटै भएमा कनिष्ठताको आधारमा गर्ने र विद्यालय छनोटका लागि निवेदन नदिएमा अर्को विद्यालयलाई पर्न सक्ने शैक्षिक क्षतिलाई मध्यनजर गर्दै मिलान तथा समायोजनलाई बाधा नपर्ने ।

ठ) खण्ड (ज) मा जुनसुकै कुरा लेखिएता पनि भुगोललाई पनि आधार लिइनेछ ।

## परिच्छेद ५

## दरबन्दी मिलान, तह घटाउनेतथा समायोजन कार्यदल र कार्य समितिको गठन

७. दरबन्दी मिलान, तह घटाउने तथा समायोजन कार्य गर्नका लागि दरबन्दी मिलान तथा समायोजन कार्यदल गठन गरिने छ । दरबन्दी मिलान, तह घटाउने तथा समायोजन समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन् ।

क) गाउँपालिका अध्यक्ष : संयोजक

ख) गाउँपालिका उपाध्यक्ष : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) सामाजिक विकास समिति संयोजक : सदस्य

ङ) गाउँ शिक्षा समिति प्रतिनिधि २ जनाः सदस्य

च) गाउँपालिका प्रमुखबाट मनोनित सामुदायिक माध्यमिक विद्यालयका १ जना राहत र १ जना स्थायी शिक्षक गरी २ जना : सदस्य

छ) आधारभूत तह बाट गाउँ शिक्षा समितिले मनोनित गरेका २ जना महिला शिक्षक : सदस्य

ज) शिक्षा शाखा प्रमुख : सदस्य - सचिव

सो कार्यदलले कार्यदलकै सदस्यहरुवाट एक कार्य समिति गठन गर्न सक्नेछ र सो को कार्यविधि कार्यदल आफैले तय गर्न सक्नेछ । कार्यदल र कार्यसमितिका सदस्यहरुलाई बैठकवसे वाफत भत्ता र खाजा उपलब्ध गराउन सकिनेछ ।

७. समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

८. समितिको सचिवालयका लागि स्टेसनरी तथा समितिका पदाधिकारीहरुको वैठक भत्ता लगाएतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम शिक्षा शाखाको निर्शत तर्फ व्यवस्था गरिनेछ ।

**९.विद्यालय <u>समायोजन, तह घटाउने र शिक्षक दरबन्दी मिलान कार्यदलको काम, कर्तव्य र अधिकार</u>**

(१) शिक्षक दरवन्दी मिलान, तह घटाउने तथा समायोजनका लागि विद्यालय लगायतका मौजुदा शिक्षक र विद्यार्थी संख्या, थप दरवन्दिका लागि पुग्नु पर्ने न्यूनतम विद्यार्थी संख्या र गाभीने विद्यालय संख्या एकीन गरी गाउँशिक्षा समितिमा पेश गर्ने र गाउँशिक्षा समितिले वैठकको निणर्यसहित अनुमोदनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

(२) शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट निवेदन विश्लेषण गर्ने र विद्यालयहरुमा तहतग तथा विषयतग रुपमा शिक्षक दरवन्दि मिलान, तह घटाउने तथा समायोजन गरिने विद्यालय र शिक्षकहरको नामावलि विवरण सहित सिफारिस गर्ने ।

(३) गाउँपालिकाले दिएका निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

(४) यस कार्यदलले आवश्यक अन्य कार्यविधि आफै तय गन सक्नेछ ।

(५) कार्यदलले कार्य समितिलाई केहि अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

**१०. कार्यविधिको संख्या** : यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

**११. कार्यविधि संशोधन** : यस कार्यविधिका प्रावधानहरुमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ

**१२. बाधा अड्चन फुकाउ** : स्थानिय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नितिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ ।

**१३. बाझिएमा अमान्य हुने** : यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा प्रावधान प्रचलित कानूनसँग बाँझिएमा सो हद सम्म अमान्य हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत